केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१८/०७१/७२ मिति: २०७१/१२/०१

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

नेपाल सरकार अर्थ मन्त्रालय वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको च.नं.४७२, मिति २०७१/११/२५ को पत्रबाट ***'युवाहरुलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७१'*** *नेपाल सरकार, मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिबाट स्वीकृत भएको व्यहोरा उल्लेख गर्दै आवश्यक कार्यान्वयनका लागि अनुरोध भई आएको हुँदा यस बैंकबाट मिति: २०७१/०७/१० को पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१०/०७१/७२ मार्फत जारी गरिएको कार्यविधिलाई यसैसाथ संलग्न संशोधन समेत समावेश गरी कार्यान्वयन गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।*

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।

नेपाल सरकार
अर्थ मन्त्रालय

युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७१

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" को दफा २ मा संशोधनः युवाहरूलाई व्यवसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१" (यसपछि मूल कार्यविधि) भनिएको दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

(क) **"बैंक तथा वित्तीय संस्था"** भन्नाले यस कार्यविधि अनुसार कृषि कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

(ख) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थप गरिएको छः-

(ख१) **"साना व्यवसायी"** भन्नाले बढीमा एक करोड रूपैयाँसम्म कृषि कर्जा लिई कृषि व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(ग) खण्ड (ग) र (ङ) को सट्टा देहायको खण्ड (ग) र (ङ) राखिएका छन्:-

(ग) **"ग्रामिण क्षेत्र"** भन्नाले महानगरपालिकाको कार्यक्षेत्र बाहेकका क्षेत्रहरूलाई सम्झनुपर्छ ।

(ङ) **"कृषि कर्जा"** भन्नाले यस कार्यविधिको अनुसुचीमा-१ मा उल्लेख गरिएका क्षेत्रहरूमा कृषि व्यवसायका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जा सम्झनु पर्दछ । सो शब्दले अनुसुचीमा उल्लेख गरेको बाहेक नेपाल सरकारले कृषि कर्जा भनि तोकेका कर्जाहरूलाई समेत जनाउँछ ।

३. मूल कार्यविधिको दफा ३ मा संशोधनः- मूल कार्यविधिको दफा ३ को,-

(क) उपदफा (१) र (४) को सट्टा देहायका उपदफा (१) र (४) राखिएका छन्:-

(१) युवा तथा साना व्यवसायीहरुलाई कृषिमा आकर्षित गर्न अनुसूची–१ मा उल्लेखित कृषि व्यवसायका लागि बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जामा नेपाल सरकारले ४ प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउने छ ।

(४) व्याज अनुदान प्राप्त गर्ने कृषि कर्जाको अधिकतम सीमा साधारण कर्जाको हकमा प्रति ग्राहक रु. एक करोड र शित भण्डारको हकमा प्रति ग्राहक रु तीन करोडसम्म हुनेछ । यस्तो कर्जाको साँवा वा व्याज भुक्तानी अवधी तीन महिना भन्दा कम हुने छैन ।

तर समन्वय तथा अनुगमन समितिले आवश्यक देखेमा परियोजनाको औचित्यको आधारमा सो सीमाभन्दा वढि रकम समेत कर्जा प्रवाह गर्न स्वीकृति दिन सक्नेछ ।

(ख) उपदफा (७) पछि देहायको उपदफा (७ख) थप गरिएको छः-

(७ख) बैंक तथा वित्तीय संस्थाहरुले युवा तथा साना व्यवसायीहरुलाई कृषि कर्जा प्रवाह गर्दा कृषि उत्पादनमा प्रयोग गरिने जमीन धितो राखी कर्जा प्रवाह गर्न सक्नेछन् । यसरी कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई कर्जा प्रवाहको मूख्य आधारको रुपमा लिनुपर्नेछ ।

४. <u>मूल कार्यविधिको दफा ४ मा संशोधनः</u>- मूल कार्यविधिको दफा (४) को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनका आधारमा नेपाल राष्ट्र बैंकले सम्वन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई व्याजमा दिनु पर्ने अनुदान रकमको सोधभर्ना कृषि कर्जा व्याज अनुदान सोधभर्ना खाताबाट नेपाल राष्ट्र बैंकको कार्यालयहरुमा रहेका खाता मार्फत वा सम्वन्धित बैंक तथा वित्तीय संस्थाको माग अनुरुप कुनै अर्को वित्तीय संस्थामा रहेको खाता मार्फत सोधभर्ना दिइने छ ।

५. <u>मूल कार्यविधिको दफा ७ मा संशोधनः</u>- मूल कार्यविधिको दफा ७ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

(च) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा व्याज अनुदान दिएको रकम बैंक तथा वित्तीय संस्थालाई सोधभर्ना दिईने छैन ।

६. **मूल कार्यविधिको दफा १० मा संशोधनः-** मूल कार्यविधिको दफा १० पछि देहायको दफा १०क थप गरिएको छः-

१०क जिल्लास्तरीय समन्वय तथा अनुगमन समितिको व्यवस्थाः कृषि कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धि व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि समन्वय तथा अनुगमन समितिले जिल्ला स्तरिय समन्वय तथा अनुगमन समितिको गठन गर्ने छ ।

७. **मूल कार्यविधिको अनुसूचीमा संशोधनः**

(क) अनुसूची १ को क्रम संख्या ११ पछि देहायको क्रमसंख्या ११क र ११ख थपिएका छन्:-

११क मौरी पालन,

११ख जौ, फापर, सिलाम ।

(ख) अनुसुचि ३ को सट्टा देहायको अनुसुचि ३ राखिएको छ ।

## अनुसूची – ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

.............................. बैंक लि.

श्री नेपाल राष्ट्र बैंक,
बैंकिंग कार्यालय,
.................................. ।

विषयः– कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान बारे ।

महाशय,
यस बैंकले कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ अनुरुप प्रवाह गरेको कर्जामा यसैसाथ संलग्न विवरण (अनुसूची–४) बमोजिमका ऋणीहरूले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेको र सो कर्जाको सदुपयोग गर्दै आएकोले उक्त कर्जाहरूमा पाउने व्याज अनुदान वापतको रकम कुल रु .............(अक्षेरेपी रु......................) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. .......... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरूबाट ब्याज वापत रकम रु .............(अक्षेरेपी रु..............................) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ । साथै, उपर्युक्त कृषि कर्जाहरु सदुपयोग भएको व्यहोरा समेत अनुरोध छ ।

.......................... बैंक/वित्तीय संस्था को तर्फबाट

दस्तखतः
नामः
पदः
छापः
विभाग/कार्यालयः

नोटः बैंकले १० प्रतिशत व्याजदरमा कृषकलाई ऋण लगानी गरेको अवस्थामा ६ प्रतिशत व्याज कृषकबाट र ४ प्रतिशत व्याज अनुदानको रूपमा नेपाल राष्ट्र बैंकसँग दावी गर्ने त्यसै गरी बैकले ९ प्रतिशत व्याजदरमा कृषकलाई ऋण लगानी गरी कृषकबाट ६ प्रतिशत व्याज लिएको अवस्थामा ३ प्रतिशत र कृषकबाट ५ प्रतिशत मात्र व्याज लिएमा ४ प्रतिशत व्याज नेपाल राष्ट्र बैंकसँग अनुदानको रूपमा दावी गर्ने ।

८. <u>रुपान्तरणः</u>- कार्यविधिको ठाउँ ठाउँमा रहेका "वाणिज्य बैंक" भन्ने शव्दको सट्टा "बैंक तथा वित्तीय संस्था" भन्ने शव्द राखि रुपान्तरण गरिएको छ ।